# भिडियो प्रतियोगिता सम्बन्धी सूचना

नेपाल दूरसंचार प्राधिकरण र सिर्जनशिल समाज नेपालको संयुक्त आयोजना, राष्ट्रिय बाल अधिकार परिषदसँगको समन्वय र नेट फर गुड एलाइन्सको सहकार्यमा सुरक्षित इन्टरनेट दिवस (Safer Internet Day, 2022) मनाउने सन्दर्भमा अनलाइन बाल सुरक्षा सम्बन्धि भिडियो प्रतियोगिता गर्न लागिएकोले इच्छुक १२ वर्ष देखि १८ वर्ष उमेर समूहका सातवटै प्रदेशका बालबालिका तथा किशोरकिशोरीहरुको सहभागिताको लागि यो सूचना प्रकाशन गरिएको छ । भिडियो प्रतियोगितामा भाग लिन सहभागीहरुले निम्न बिषयहरुमा ध्यान दिनुपर्नेछ ।

(१) प्रतियोगीहरुले आफ्नो रुची अनुसार देहाय बमोजिमको विषयहरुमा मात्र आफ्नो छोटो भिडियो बनाई पठाउनु पर्नेछ ।

क) अनलाइन बालसुरक्षा (Child Online Safety),

ख) डिजिटल साक्षरता (Digital Literacy),

ग) अनलाइन बाल सुरक्षामा बालक्लब/ स्थानीय तह/ सरकारको भूमिका (Role of Child Club/Local Level/Governments on Child Online Safety),

घ) अनलाइन संसारमा अवसर र राम्रा अभ्यासहरु (Opportunities and Best Practices in the Online World),

ङ) आर्टिफिसियल इन्टिलिजेन्स र अवसर (Artificial Intelligence and Opportunities)

च) विकासमा सूचना, सञ्चार तथा प्रविधिको भूमिका (Role Of Information Communication and Technology on Development)

(२) प्रतियोगीले माथि उल्लेखित एक वा एक भन्दा बढी विषयमा समेत भिडियो बनाई भाग लिन सक्नेछन् । माथि उल्लेखित विषयभन्दा फरक विषयको भिडियोलाई प्रतियोगितामा समावेश गरिने छैन।

(३) प्रतियोगीले पठाउने भिडियोको अवधि अधिकतम २ मिनेटसम्मको मात्र हुनुपर्नेछ र भिडियो MP4 Format मा हुनुपर्नेछ ।

(४) बिभिन्न प्रदेशका प्रतियोगिले आफ्नो प्रदेश अनुसार तल उल्लेखित इमेल ठेगानामा आफ्नो भिडियो पठाउनु पर्नेछ ।

| प्रदेशको नाम | भिडियो पठाउने इमेल ठेगाना |
|---|---|
| प्रदेश नं. १ | ntasidp1@gmail.com |
| मधेश प्रदेश | ntasidp2@gmail.com |
| बागमती प्रदेश | ntasidp3@gmail.com |
| गण्डकी प्रदेश | ntasidp4@gmail.com |
| लुम्बिनी प्रदेश | ntasidp5@gmail.com |
| कर्णाली प्रदेश | ntasidp6@gmail.com |
| सूदुर पश्चिम | ntasidp7@gmail.com |

(५) माथि उल्लेखित प्रत्येक विषयमा प्राप्त भिडियोहरुलाई बिशेषज्ञ समितिबाट मूल्यांकन गराई प्रत्येक प्रदेशबाट प्रत्येक विषय/विधामा उत्कृष्ट एक भिडियो छनौट गरिनेछ र पुरस्कार वितरण गरिनेछ। सहभागी सबै बालबालिका तथा किशोरकिशोरीहरुलाई प्रमाणपत्रको व्यवस्था गरिएको छ।

(६) भिडियो बनाउँदा व्यक्तिगत, सामूहिक(बढीमा ४ जना सम्मको समूहमा वा बाल क्लब/विद्यालय मार्फत) बनाउन सकिनेछ ।

(७) भिडियो नेपाली वा अँग्रेजी भाषामा बनाउनुपर्नेछ ।

(८) प्रतियोगीको पहिचानको लागि भिडियोमा प्रतियोगीको दृष्य वा फोटो समावेश भएको हुनुपर्नेछ ।

(९) भिडियो पहिले नै अन्त कतै प्रकाशन नभएको हुनुपर्नेछ।

(१०) भिडियो बनाउन विषयगत क्षेत्रभित्र रहेर आफ्नो रुची अनुसारको विषयमा कथा, कविता, गित, नाटक, वक्तृत्वकला लगायतका रचनाहरुको माध्यमबाट आफ्नो सिर्जनशीलता प्रयोग गरी तयार गर्न सकिनेछ।

(११) भिडियो पठाउँदा आफ्नो जन्ममिति खुल्ने परिचयपत्र र फोटोको डिजिटल प्रति समेत पठाउनुपर्नेछ |

(१२) भिडियो बनाउँदा जाति, भाषा, लिङ्ग, भुगोल वा अन्य कुनै पनि आधारमा आक्षेप लाग्ने वा भेदभाव हुने विषयवस्तु समावेश गर्न पाईनेछैन।

(१३) प्रतियोगीले आफ्नो भिडियो मिति फागुन २ गते राति ११:५९ भित्र (१४ फेब्रुअरी २०२२, ११:५९ भित्र) माथि उल्लेखित इमेल ठेगानामा पठाइसक्नुपर्नेछ |

(१४) प्रतियोगीले थप जानकारीको लागि तल उल्लेखित नम्बरमा सम्पर्क गर्न सक्ने छन् |

**नेपाल दूरसञ्चार प्राधिकरण**
जमल, कान्तिपथ
काठमाडौं
फोन: ५३५५४७४
Fax: ५३५५२५०
Website: www.nta.gov.np